# गण्डकी गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन

**१) परिचय :-** गण्डकी गाउँपालिका को गठन २०७३ फागुन २७ गते नेपाल सरकारको निर्णयवाट भएको हो गोरखा जिल्लाको पुर्वि भागमा रहेको यस गाउँपालिकामा साविकका घ्याल्चोक, भुम्लिचोक, दर्वुङ, मकैसिङ, ताङ्लिचोक र फुजेल गा.वि.स समावेश भई गठन भएको यस गाउँपालिकाको कुल क्षेत्रफल १२३.८६ वर्ग कि.मि भित्र २३२५३ जनसंख्या रहेको छ। यस गाउँपालिकाको पुर्व र दक्षिणमा धादिङ जिल्ला पश्चिम चितवन जिल्ला र उत्तर शहिद लखन गाउँपालिका रहेको छ।

**२) पहिलो गाउँसभाले तय गरेका अपेक्षित उपलव्धिहरु :-**

क) आगामी ५ वर्ष भित्र पुर्ण साक्षर गाउँपालिका घोषणा हुनेछ।
ख) स्वास्थ्य सुविधा सर्वसुलभ हुनेछ।
ग) कृषि क्षेत्र व्यवसायिक हुनेछ।
घ) आगामी ५ वर्ष भित्रमा गरिविको रेखामुनिको जनसंख्या १० प्रतिशतमा झारिनेछ।

**३) यस आवधिमा भएका मुख्य मुख्य क्रियाकलपहरु :-**

- २०७३ फागुन २७ गाउँपालिका घोषण
- २०७३ चैत्र गाउँपालिका कार्यालय स्थापना
- २०७४ वैषाक ३१ स्थानीय तहको निर्वाचन
- २०७४ जेष्ठ ८ गते पद वहाली
- २०७४ असार ११ गते पहिलो गाउँ कार्यपालिका वैठक सम्पन्न
- २०७४ असार २५ गते पहिलो गाउँ सभा सम्पन्न
- हाल सम्म १७ वटा कार्यपालिका वैठक वसी विभिन्न किसिमका १५३ वटा निर्णयहरु भएको
- दोस्रो गाउँसभा २०७४ कात्तिक ३० गते वसी विभिन्न विषयमा छलफल भएको
- यस अवधिमा विभिन्न विषयका ७ वटा ऐन, ३ वटा नियमावली र १५ वटा विभिन्न कार्यविधि तथा निर्देशिका जारी भएको
- प्रथम गाउँसभावाट कुल ३३,९९,२१,०००। को वजेट विनियोजन भएकोमा हाल कार्यन्वयको चरणमा रहेको
- गाउँपालिका केन्द्र जोड्ने सडकहरु स्तरउन्नती गर्नुका साथै गाउँपालिका तथा वडा नं. ६को वडा कार्यालयको मर्मत तथा वडा नं. ७ को नया वडा कार्यालय भवनको कार्य सुरु भएको
- गाउँपालिका तथा वडा गत वजेट सिलिङवाट विभिन्न स्थानमा ट्रयक जोड्ने सडक स्तर उन्नती गर्ने विजुली पोल फेरि विजुली सुचारु गर्ने विभिन्न खानेपानि तथा सिचाइका आयोजनाहरु तथा महिला वालवालिका दलित आदिवासि जनजाती विपन्न वर्ग लगायतको क्षेत्रको विकास भइरहेका
- स्वास्थ्य स्थानीय तहमा निक्षेपीत कार्यालयहरु स्वास्थ्य, आयुर्वेद, कृषि विकास, पशु सेवा, महिला तथा वालवालिका र शिक्षाका शाखाहरु खोली गाउँपालिकावाट तत सम्वन्धि कार्यहरु गरिएको।

## ४) आय विवरण

**क) निकासा :**

| | |
|---|---|
| गरिवसंग विशेश्वर कार्यक्रम | - ८५८०००। |
| सामाजिक सुरुक्षा | - ५३५६००००। |
| स्वास्थ्य सर्सत | - ११९१२४४०। |
| आयुर्वेद सर्सत | - ४२०७०००। |
| वित्तिय समानीकरण अनुदान | - १६०५८१०००। |
| कृषि विकास ससर्त | - ११८६०००। |
| पशुसेवा विकास ससर्त | - ६०६०००। |
| शिक्षा विकास ससर्त | - १०५६७४०००। |
| **जम्मा** | **३३,८५,८४,४४०।** |

**ख) आन्तरिक आय**

१) गाउँपालिका तर्फ ३४,७८,०९३.५२।

२) वडा तर्फ -

**५) वित्तिय प्रगती :-**

१) चालु तर्फ : ४,७६,१७,८७०।१४

२) सर्सत अनुदान तर्फ : ११,९४,३६,६१०।६६ र ४,२९,०५,१७६.७०। गरी जम्मा २०,९९,५९,६५७।५० खर्च भई जम्मा ६२.०१ प्रतिशत वित्तिय प्रगति हासिल भएको छ ।

**६) आगामी प्राथमिकता** :

क) बाकि अवधि ४ वर्षका लागी आवधिक योजना तर्जुमा गर्ने ।

ख) सडक यातायात गुरुयोजना वनाउने ।

ग) राजश्वका सम्भावित स्रोतहरु पहिचान गरि आन्तरिक आयमा अभिवृद्धि गर्ने ।

घ) विकास निर्माण प्रक्रियलाई छरितो र गुणस्तरिय वनाउने ।

ङ) ठुला पुर्वधारजन्य योजनामा लगानी वढाउने ।

च) प्रदेश र संघ सरकारको समन्वयमा समपुरक अनुदान मार्फत ठुला पुर्वाधारमा लगानी वढाउने ।

छ) गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माण गर्ने ।

ज) दरवन्दी अनुसारको जनसक्ति व्यवस्था र कार्यारत जनसक्ती क्षमता विकास मार्फत सार्वजनिक सेवा प्रवाहमा सरलीकृत गर्ने ।